का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

Attn: News Desk

स्थापित : २०६९, काठमाडौं ।

मिति : २०८१/०६/१८

### Weekly Chart







| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2081/06/13 | Sunday | 1,37,690 | 1,60,600 | 1,667.50 | 1945 |
| 2081/06/14 | Monday | 1,37,600 | 1,60,500 | 1,663 | 1,940 |
| 2081/06/15 | Tuesday | 1,37,175 | 1,60,000 | 1,650.50 | 1,925 |
| 2081/06/16 | Wednesday | 1,37,860 | 1,60,800 | 1,659 | 1,935 |
| 2081/06/17 | Thursday | 1,37,945 | 1,60,900 | 1,672 | 1,950 |
| 2081/06/18 | Friday | 1,38,290 | 1,61,300 | 1,697.50 | 1,980 |

### सुन र चाँदीको मुल्यमा यो साता पनि रेकर्ड कायम

यो साता पनि सुन र चाँदी दुवैको मुल्यले नयाँ रेकर्ड कायम गरेको छ। साताको पछिल्लो करोबार भएको दिन शुक्रबार मुल्यले नयाँ उचाई कायम गरेको हो। अन्तर्राष्ट्रिय बजारमा देखिएको द्वन्दको प्रभावसँगै हालै सार्वजनिक भएको अमेरिकी अर्थतन्त्रको प्रभावले सुनचाँदी जस्ता बहुमुल्य वस्तुको मुल्य बृद्धिमा टेवा पुगेको बिश्लेषकहरुको भनाई छ। शुक्रबार बिहान सार्वजनिक तथ्याङक अनुसार अमेरिकी अर्थतन्त्र मजवुत हुनुका साथै त्यहाँ रोजगारिको अवस्थामा समेत शुधार देखिएको छ।

नेपाली बजारमा पनि यो साता सुनको मुल्यले रेकर्ड कायम गर्‍यो। साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ लाख ३७ हजार ६ सय ९० रुपैयाँ रहेको सुनको मुल्य साताको दोस्रो दिन र तेस्रो दिन सामान्य घटेर चौथो दिन बुधबार देखि बढ्न शुरु भई साताको छैटौं दिन शुक्रबार उच्च रेकर्ड राख्दै प्रति १० ग्राम १ लाख ३८ हजार २ सय ९० रुपैयाँ पुग्यो। यो मुल्य साताको पहिलो दिनको तुलनामा पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम ६ सय रुपैयाँ बढी हो।

यो साता नेपाली बजारमा चाँदीको मुल्यले पनि रेकर्ड कायम गर्‍यो। साताको पहिलो दिन आइतबार प्रति १० ग्राम १ हजार ६ सय ६७ रुपैयाँ ५० पैसा रहेको मुल्य साताको पछिल्लो कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ६ सय ९७ रुपैयाँ ५० पैसा कायम भई उच्च रेकर्ड बन्यो।

किरणभाई बज्राचार्य
**महासचिव**